MAYUR
Date
Page

बैठक सख्या:

आज मिति २०७७ साल फागुन २५ गतेका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमायाबि.क. | सदस्य | |
| १२ | श्री गंगामायाबि.क. | सदस्य | गंगा |
| १३ | श्री सुन मायाथिङ | सदस्य | सुन |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेश अधिकारी | लेखा अधिकृत सातौं | |
| २ | श्री गिरिराज खनाल | अधिकृत छैठौं | |
| ३ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |
| ४ | श्री भरतजंग थापा | सहायक स्तर पाचौं | |
| ५ | सुरेन्द्र कुमार स्याङतान | अधिकृत छैठौं, शिक्षा | |

MAYUR
Date
Page

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७७ फागुन २५ गते मंगलबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. योजना तथा कार्यक्रमको सम्झौता गर्ने समयसिमा सम्बन्धमा ।
३. आ.व. २०७६।०७७ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन बारे ।
४. स्थानिय तह संस्थागत क्षमता स्वमूल्याकन कार्यविधि, २०७७ अनुसार कार्य गर्ने सम्बन्धमा ।
५. सबै वडामा टोल विकास संस्था गठन गर्ने सम्बन्धमा ।
६. गाउँपालिका गीत र लोगो सम्बन्धमा ।
७ स्थानीय तह स्तरिय राष्टपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन सम्बन्धमा ।
८. माथिल्लो कक्षा अनुमति दिने सम्बन्धमा ।
९ विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनमा रहेको बारे छलफल गर्दै सम्पूर्ण निर्णयहरु पूर्ण कार्यान्वयन गर्न थप तदारुकता देखाउने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा सम्झौता गर्न बाँकी योजना/ कार्यक्रमहरुको सम्झौता गर्ने समयसिमा चैत्र २० गतेसम्म राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व.को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्दै प्रारम्भिक प्रतिवेदनमा देखिएको बेरुजुबारे अवगत गराईयो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानिय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ अनुसार कार्य गर्ने र आब बन्ने जम्मा उपभोक्ता समिति मध्ये कम्तीमा बीस प्रतिशत समितिमा महिला अध्यक्ष राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा सबै वडाहरुमा टोल विकास संस्था गठन गर्ने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

MAYUR
Date
Page

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यपालिका बैठकमा प्रस्तुत तपशिलका गीत र लोगोलाई गाउँपालिका गीत र गाउँपालिका लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

## नेपाली भाषाको गाउँपालिका गीत

उकालीका चित्र छन चित्र छन् ओरालीका
सिन्धुलीको भूमी यो घ्याङलेख गाउँपालिका ।

शिरमा छ फापरचुली पर्यटनको क्षेत्र यो
शिवजीको बास छ आस्थाको हो केन्द्र यो
उकालीका चित्र छन् चित्र छन् ओरालीका
सिन्धुलीको भूमि यो घ्याङलेख गाउँपालिका ।

शहिद भूमि सिम्ले गाउँ, गाथा गाउँछन क्रान्तिका
लाखाङ गुम्बा सोलाभन्ज्याङ दीप बाल्छन शान्तिका
अनेक जातजाति छन मानवताको बास छ
अमृत बग्छ पानीमा र पो त यो खास छ
आलु फाँपर अम्रिसो तारी खेत बारिका
सिन्धुलीको भूमि यो घ्याङलेख गाउँपालिका ।

सात दोबाटो, हायुटार चौकीडाँडा सिपाल
तामाजोर, मरिण खोला बग्छन काखमा कलकल
कोल्टार फाँट र चन्दनपुर खाद्यान्नको भण्डार
नेत्रकाली रामपुर समिद्धिको आधार
जति हेर्‍यो हेरौं झैं चित्र वारिपारिका
सिन्धुलीको भूमी यो घ्याङलेख गाउँपालिका ।

**अबधारणः रामकुमार कार्की, रचनाः पामा लामा, संगित : गैह्रे सुरेश, गायक : स्वरुप राज आचार्य र शोभा पाण्डे**

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

MAYUR
Date
Page

# तामाङ भाषाको गाउँपालिका गीत

ह्याङलमी घ्याङलेख ह्यूलसरी पाङाला म्हेन्दो सरमुला
लोपोन म्हेमे ङा राप्सी सिक सिक बर्न दरमूला
जम्मन डेङ्गोर गितासि राङकेवा नाम्सा सोदोजि
राङकेवा ह्युलसा सोवारी ह्याङलान सेम्री खेन्दोजि
लास्सो डेङ्गोर ज्योज्यो आले नाना अङा फ्याफुल्ला
ह्याङ ह्याङ डिक्सी ह्याङलान ह्यूल्सा सोदोजि
फापर चुली गङ ग्याव्से ब्राउ सेगे ज्योमो गङ च्यावारी
गडी गङ पीपल भन्भ्याङ ग्याम सरर गाडी ब्रजिन्जी
डिबी म्रासि चिवा नम्सरी दातेम विजुली लुङजीन्जी
ह्याङला ह्यूल्सा सोवारी नम्सरी सरकार हाजीन्जी
अमले हायुटार कोरसी मम मरिण ठाकुर सङदोला
लखाङ गोन्वो ज्याल्सी मम सङगेदा म्हारमेन फूल्दोला
नेत्रकाली तामाजोर बस्तिपूर रामपूर छरछर बन्दिपूर
पटामास कोल्टार बछ्युउटार रिमठिम छर्न लबा सूर
लोप्खाङ पूइगो जजा कोला ब्रिबा डोबा सेदोला
ह्याङलान जजा कोला हयाङलान मि तोर तोर फिरी दोदोला
अख्खेसे छ्याबा म्राङबूरी सेनोर रोना लादोला
ह्याङकेवा घ्याङलेख सेङबारी सेम गिक तासी ब्यदोला

अबधारण: रामकुमार कार्की, रचना: किशोर वाइबा, संगित : चन्द्र कुमार दोङ
गायक : फुलकुमार बम्जन र सुमिना लो

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

MAYUR
Date
Page

## गाउँपालिका लोगो

घ्याङलेख गाउँपालिका-२०७३

**द्रष्टव्य** : यो लोगो आवश्यकता अनुसार ठूलो वा सानो आकार को बनाउन सकिनेछ ।

त्यसमा घ्याङलेख गाउँपालिकाबाट निर्धारित रंगको प्रयोग हुनेछ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकामा राष्टपति रनिङशिल्ड प्रतियोगिता संचालन गर्न तपशिलको स्थानीय तह स्तरिय राष्टपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | | |
|---|---|---|
| १। जगतवहादुर भोलन | (गा.पा. अध्यक्ष) | सयोजक |
| २। रामकुमार कार्की | (प्र.प्र.अ.) | सदस्य |
| ३। श्री कृष्ण वहादुर थिङ | (वडा अध्यक्ष) | सदस्य |
| ४। श्री सुरेन्द्र कुमार स्याङ्तान | ( शिक्षाअधिकृत) | सदस्य |
| ५। श्री सरोज राई | (प्रहरी प्रमुख) | सदस्य |
| ६। श्री प्रकाश मगराती | (जि.खे.वि.स.प्र) | सदस्य |
| ७। श्री प्रमोद थापा | (शिक्षक प्र) | सदस्य |
| ८। श्री सरोज दोङ | (शिक्षक प्र) | सदस्य |
| ९। श्री नवीनसरी राई | (शिक्षकप्र) | सदस्य |
| १०। सुमित्रा मुरी | (शिक्षक प्र) | सदस्य |
| ११। श्री उत्तर वाईबा | (खेलाडी प्र.) | सदस्य |
| १२। गोपीलालवम्जन | (प्रशिक्षक) | सदस्य |
| १३।भेषवहादुर खत्री | (प्रतियोगीता संचालित वि.प्र.अ.) | सदस्य |

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा माथिल्लो कक्षाको लागि अनुमति मागेका तपशिलका विद्यालयहरुलाई शिक्षा ऐन, नियमानुसार तोकिएका सबै प्रक्रिया पुरा गर्न सम्पूर्ण संचालन खर्चको दायित्व स्वयं विद्यालयले नै व्यहोर्ने गरी अनुमति दिन निर्णय गरियो ।

तपशिल :

१। श्री नेत्रकालीमा वि.आँपडाँडा रामपुरलाई कक्षा ११ मा वाणिज्य संकाय सञ्चालन अनुमति दिने ।
२। श्री आधारभुत विद्यालय टुनिभञ्ज्याङलाई कक्षा ७ अनुमति दिने ।
३। श्री प्रा.वि. कोल्टारलाई कक्षा ६ अनुमति दिने ।
४। श्री प्रा.वि.वेलबोटलाई कक्षा ६ अनुमति दिने ।
५। श्री शारदा नि.मा.वि. भैसेलाई कक्षा ९ को अनुमति दिने ।
६। श्री मा.वि.तामाजोरलाई शिक्षा सकायमा कक्षा ११ सञ्चालन अनुमति दिने ।
७। श्री प्रा.वि.वाघखोरलाई वाल कक्षा सञ्चालन अनुमति दिने ।
८। श्री प्रा.वि.वुदुमचुली लाई वाल कक्षा सञ्चालन अनुमति दिने ।
९। श्री प्रा.वि.सल्लेलाई वाल कक्षा सञ्चालन अनुमति दिने ।

**निर्णय नं. ९ :-** विविध माथि छलफल गर्दा अर्को वैठक नियमित रुपमा अर्को महिनाको २५ गते र आवश्यक्ता अनुसार बस्ने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष